त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

---

**स्नातकोत्तर तहको विभिन्न विषयमा In-service Quota मा विद्यार्थी भर्नासम्बन्धी सुचना**

**प्रकाशित मिति २०८१/११/०५**

शैक्षिक वर्ष २०८१।०८२ को लागि यस अध्ययन संस्थानद्धारा सञ्चालित स्नातकोत्तर कार्यक्रम अन्तर्गत स्नातकोत्तर तहको विभिन्न विभागको लागि भर्ना गर्न मिति २०८१/१०/१९ गतेको प्रवेश परीक्षामा उत्तिर्ण भएका विद्यार्थीहरुले *नेपाल सरकारका अन्तर्गतका निकायहरुमा दर्ता भई कृषि अनुसन्धान, प्रसार तथा विकास कार्यमा संलग्न संस्थामा सेवारत व्यक्तिहरुको लागि IAAS PG Bulletin-2011 को पेज नम्बर ४ को बुँदा नम्बर ७.३ (In-service Candidate from an Agency within Nepal)* मा उल्लेख भए अनुसार प्रत्येक विषय/विभागमा मेरिट क्रमाङ्कको आधारमा बढीमा २ जनासम्म भर्ना गर्नेगरी मिति २०८१/११/१२ गतेसम्मका लागि आवेदन आह्वान गरिएको छ।

निवेदनको लागि आवश्यक योग्यता र कागजातहरु तपशिल अनुसार रहेका छन्।

**तपशिलः**

**१. खुला प्रतिस्पर्धा सेवाकालिन**

- खुला प्रतिस्पर्धा सेवाकालिन कोटामा निवेदन दिनको लागि नेपाल सरकार वा माताहातका निकाय जस्तैः नार्क, विश्वविद्यालय, संस्थानहरु आदिमा स्थायी सेवामा कार्यरत रही यस अध्ययन संस्थानले मिति २०८१/१०/१९ गते सञ्चालन गरेको प्रवेश परीक्षामा उत्तिर्ण भएको हुनु पर्नेछ।
- निवेदनमा आँफुले अध्ययन गर्न चाहेको विषय खुलाउनुपर्नेछ र निवेदनको साथमा स्थायी सेवाको नियुक्ति पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

**२. सिफारिस भई आउने सेवाकालिन**

नेपाल सरकारको निकायबाट सिफारिस भई आउने सेवाकालिन कोटामा निवेदन दिनको लागि निवेदन साथ हाल कार्यरत रहेको निकाय/कार्यालयले अध्ययन गर्नको लागि विद्यार्थीको नाम सिफारिस गरेको पत्र पेश गर्नु पर्नेछ। निवेदकले यस अध्ययन संस्थानले निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता पुरा गरेको हुनु पर्नेछ।

डा. हरिकृष्ण पन्त
सहायक डीन तथा संयोजक
स्नातकोत्तर तह भर्ना समिति